# मेरा सम्झनाका सेल्टरहरू



देवराज घिमिरे
तत्कालीन पार्टी स्थायी कमिटी सदस्य, हाल–सभामुख, प्रतिनिधिसभा

## पृष्ठभूमि

२०२८ सालमा भएको झापा विद्रोहपछि कम्युनिस्टहरूले पूर्वबाट आफ्नो जग बलियो बनाउँदै गए। जनताको बीचबाटै क्रमशः आफ्नो तागत देखाउँदै गए। तत्कालीन अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेसन केन्द्र (कोके) ले जनताको कवचमा रहेर राजनीतिक गतिविधि तीव्र बनाउँदै लग्यो। जनताको घरलाई सेल्टरका रूपमा प्रयोग गर्दै कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाए।

भूमिगत जीवनमा सेल्टर पार्टी टिकाउने महत्त्वपूर्ण साधन थियो। व्यवहारबाटै खारिएका सेल्टरदाताहरूले सहयोग नगरेको भए पार्टीलाई यस रूपमा स्थापित गर्न सकिँदैनथ्यो। गाउँबस्तीका दाजुभाइहरूले, सचेत समुदायले आन्दोलनकारीलाई सेल्टर प्रदान नगरेको भए देशभित्रै बसेर आन्दोलन उठाउनु सम्भव हुँदैनथ्यो।

तत्कालीन को–अर्डिनेसन केन्द्र र पछि पार्टी निर्माण भएपछि नेकपा (माले)का कार्यकर्ताले हप्काएर, धम्क्याएर, तर्साएर होइन, जनताको मन जितेर एवं सिद्धान्त, नीति र विचारले प्रभावित पारेर जनतामाझ आधार निर्माण गरेका थिए। हाम्रै वर्गीय हित र मानव मुक्तिका लागि, समाज परिवर्तनका लागि कमरेडहरू कष्टपूर्ण बाटो हिँडिरहेका छन् भन्ने बुझेर नै सेल्टरदाताहरूले खुसीले आश्रय प्रदान गर्थे। बरु मर्न तयार हुने तर गोपनीयता बचाउने, दस्ताबेजहरू जोगाउने, भेला–बैठक भएका बेला आफू अगाडि उभिएर नेताहरूलाई बचाउने चेतना विकास गरिएको थियो।

पार्टीका आश्रयस्थल बनाउँदा बैठक गर्दा आवाज बाहिर नजाने, राती टुकीको उज्यालो बाहिर नजाने प्रबन्ध गर्ने, वन जङ्गल नजिक भएको, भाग्न सकिनेजस्ता

सुविधा भएका घरहरू रोजिन्थ्यो। ठूलो परिवारलाई 'कन्भिन्स' गर्न सकिएन भने स–साना परिवारलाई सचेत गराएर सेल्टर बनाइन्थ्यो। बाहिरबाट हेर्दा यी त कम्युनिस्ट हुनै सक्दैनन् भनी ठानिने, धार्मिक प्रवृत्तिका र अति नै सामान्य परिवार हेरेर सेल्टर बनाइन्थ्यो।

## पहिलो सेल्टर

२०२९ फागुन २१ गतेको सुखानी हत्याकाण्डपछि डरलाग्दो दमन गरेर कम्युनिस्ट आन्दोलन उठ्नै नसक्ने गरी सिध्यायौँ भनेर तत्कालीन शासकहरूले उत्सव मनाइरहेका बेला क्रान्तिकारी शक्तिहरू मिलेर अगाडि बढौँ भन्ने अपिल निस्कियो। त्यसै जगमा कोकेको जन्म भयो। धरानमा पढ्दै गर्दा म को–अर्डिनेसन कमिटीको विद्यार्थी सङ्गठन रेड गार्ड अर्गनाइजेसन (आरजीओ)मा आबद्ध थिएँ। को–अर्डिनेसन कमिटीले २०३१ फागुन २१ गते सहिद दिवस मनाउन निर्देशन दिएको थियो। निर्देशन अनुरूप हस्तलिखित पर्चा टाँस्न रेड गार्डमा सङ्गठित तीन जना साथीहरू रात परेपछि धरान बजारमा निस्कियौँ। शिव सिनेमा हलअगाडिको गेटमा, पिण्डेश्वर क्याम्पस र महेन्द्र क्याम्पस छेउको क्लबको ढोकामा पर्चा टाँस्यौँ। पर्चा टाँसेपछि पञ्चायती प्रशासनले तीव्र खोजबिन सुरु गऱ्यो। हामी तीनै भाइ अलग–अलग ठाउँमा बस्यौँ। एक हिसाबले त्यस बसाइलाई म राजनीतिक जीवनको पहिलो सेल्टरका रूपमा सम्झन्छु।

धरानमा क्याम्पस पढ्दा पढ्दै राजनीतिले यति धेरै छोयो कि पढाइ छाडेर म गृहजिल्ला ताप्लेजुङ फर्किएँ। सिनाममा हरि नेपाल लगायतले को–अर्डिनेसन कमिटीमार्फत कम्युनिस्ट आन्दोलनलाई बलियो बनाउँदै जानुभएको थियो। झापा विद्रोहपछि कम्युनिस्टको बलियो जग ताप्लेजुङमा नै थियो।

## सेल्टरदाताको गद्दारी र हरि नेपालको हत्या

हरि नेपालले सिनाममा पार्टीका दस्ताबेज र बैठकका माइन्युटहरू सङ्ग्रह गर्ने, बैठक–छलफल गर्ने, सम्पर्कमा आएका साथीहरू र विभिन्न स्तरका नेताहरूसँग भेटघाट गर्ने प्रयोजनका लागि सेल्टरहरू बनाउनुभएको थियो। सेल्टरमा वर्गसङ्घर्षका विभिन्न अङ्क, कार्ल मार्क्सका पुस्तक, बुलेटिनहरू, चिनियाँ कम्युनिस्ट पार्टीको इतिहास, माओ त्सेतुङका रेडबुक लगायतका विभिन्न पुस्तक, पत्रपत्रिका राखेर अध्ययन गरिन्थ्यो। जनवादी गीत सङ्गीत सिक्ने–सिकाउने पनि गरिन्थ्यो।

पञ्चायतका सुराकीहरूले दिएको सूचनाका आधारमा प्रशासनले सिनामको त्यो सेल्टर पत्ता लगायो। एउटा घरमा पार्टीका दस्ताबेज, माइन्युट लगायतका सामग्री

भेट्टाएपछि प्रहरीले स्थानीयवासीलाई धरपकड गर्ने, कुटपिट गर्ने, अनेक यातना दिने काम गर्‍यो । कुलप्रसादजी र उहाँको परिवारले अनेकौँ यातना, जेलजीवन र राजकाज अपराधको मुद्दामा तीन वर्षसम्म तारिख धाउनुपर्ने अवस्था सिर्जना भयो। धीर्जमान सुब्बा, किशोर थेवे, निरन्त थेवे, सिंहबहादुर इवारम लगायतका साथीहरू मात्र होइन, सिङ्गो गाउँ नै दमनमा पर्‍यो। प्रहरीले केरकार गर्दै पार्टीका नेतालाई पत्ता लगाएर समाप्त पार्ने स्थिति देखा परेपछि सङ्गठनको नेतृत्व गरिरहनुभएका हरि नेपाल र त्यहाँका अगुवा कुलप्रसाद उप्रेती, निरन्त थेवे, किशोर थेवे, सिनाम माविका प्रधानाध्यापक खेमराज खरेल, हरि नेपालका भाइहरू कृष्ण नेपाल, तोया नेपाल लगायतका साथीहरू बसेर आफूमध्येबाट एकजना भूमिगत जाने र बाँकी साथीहरूले आ–आफ्नो काम गर्दै पार्टीलाई सहयोग गर्ने निक्यौंलमा पुग्नुभयो । हरि नेपालले भूमिगत भएर पार्टी काम गर्ने निर्णय भयो । अब बलिया सेल्टरहरू बनाउनु अनिवार्य भयो ।

हरि नेपालले ताप्लेजुङ र सङ्खुवासभामा बनाउनुभएका सेल्टरबारे म पनि जानकार छु । आफ्नो मावली गाउँ सिकैंचामा रिजाल्नी आमै (हरि नेपालको आमाकी दिदी) का घरमा उहाँले सेल्टरनिर्माण गर्नुभयो। त्यो घर सेल्टर हो भन्ने नखुलोस् भन्नका लागि त्यसको नाम नै ‘गुप्ती घर’ भनियो । त्यसमा उहाँले पार्टीका दस्ताबेज र पुस्तकहरूको भण्डारण गर्नुभएको थियो । स्थानीय दलालहरू, पुलिसहरू र प्रशासनले शङ्कै नगर्ने घरमा समेत उहाँले अनेक प्रयत्नबाट सेल्टर निर्माण गर्ने र आफूले मात्रै प्रयोग गर्ने गर्नुहुन्थ्यो। उहाँले आफ्नो सेल्टरबारे पार्टीका धेरै नेताहरूलाई समेत जानकारी दिनुभएको थिएन। निश्चित नेताहरूलाई मात्रै ‘गुप्ती घर’बारे बताउनुभएको थियो। सेल्टरमा पुस्तक र दस्ताबेज मात्र होइन, पञ्चहरू र जनविरोधी तत्त्वहरूसँग लुटिएका हतियार पनि राख्ने गर्नुहुन्थ्यो ।

त्यसताका सिङ्गो पूर्वी पहाडको पार्टी नेतृत्व रत्नकुमार बान्तवा र हरि नेपालले गर्नुभएको थियो । पार्टीको महत्त्वपूर्ण जिम्मेवारी बहन गर्ने क्रममा २०३६ पुस १३ गते हरि नेपाल र चन्द्र पुरी सङ्खुवासभा जिल्लाको सिबुवा स्यावुनमा पुग्नुभएको थियो । त्यहाँ भीमे राई भनिने भीमबहादुर राईको घरमा आश्रय लिनुभएको थियो । भीमे राईकै विश्वासघातका कारण उहाँहरू प्रहरीको घेरामा पर्नुभयो । पुलिसहरूले आत्मसमर्पण गर्न चेतावनीपूर्ण आदेश दिए। उहाँहरूले त्यसलाई अस्वीकार गर्नुभयो। प्रहरीले २०३६ पुस १४ गते सेल्टरमा नै दुवै नेतालाई गोली हानेर हत्या गर्‍यो ।

हरि नेपालको हत्या भएपछि कुलप्रसाद उप्रेतीसहित मलाई पनि वारेन्ट जारी भयो। अब खुला राजनीति जोखिम हुन्छ भन्ने भएपछि पार्टीकै निर्णयमा हामी भूमिगत भयौँ।

## सेल्टरमा सुख–दुःख

भूमिगत राजनीतिक जीवनमा तत्कालीन मेची अञ्चलका चारवटै जिल्ला, कोशी अञ्चलको सङ्खुवासभा, तेह्रथुम, धनकुटाका केही भागहरूमा काम गरियो। जनताको घरमा आश्रय लिएर बस्दा नेता– कार्यकर्ताजस्तो, पाहुनाजस्तो भएर कहिल्यै बसिएन। भूमिगत जीवनमा धेरै ठाउँमा जनताको घरमा सेल्टर लिएर बस्नुपरेको थियो। कतिपय अवस्थामा हामीभित्र निराशा पनि पैदा हुन्थ्यो। चरम दमन हुँदा जीवन रहने हो कि होइन भनेर चिन्ता लाग्थ्यो। कति साथीहरू पढाइ छाडेर गल्ती पो गरिएको छ कि भनेर पलायन पनि भएका थिए। कतिपय सेल्टरदाता यस्ता पनि थिए– निराशाका बीच आफ्नो घरमा बसिरहेका नेता तथा कार्यकर्ताहरूलाई ऊर्जा र उत्साह भर्ने। उनीहरूले 'तपाईंहरूले मुक्ति सम्भव गराउन सक्नुहुन्छ, एकदिन मुक्ति सम्भव छ' भनेर बलियो भरोसा र प्रेरणा दिन्थे। उदाहरणका लागि, इलामको प्याङ गाउँमा पुण्य नेपाल (जीवन) स्थानीय कम्युनिस्ट अगुवा हुनुहुन्थ्यो। मनमा अनेकौँ कारणले निराशा, शिथिलता र चिन्ता हुँदा पुण्य नेपालले 'प्रतिक्रियावादीहरूलाई घुँडा टेकाउनुपर्छ' भनेर बेग्लै जोश र उत्साह दिनुहुन्थ्यो। म आफू पनि साथीहरूलाई 'चार्जिङ हुन जानुपर्नेछ' भनेर उहाँकोमा जान्थेँ। यो सेल्टर मेरो ऊर्जाको घर जस्तो लाग्दथ्यो। प्रतिकूलतामा पनि निष्ठापूर्वक काममा लागिरहने प्रेरणा मिल्दथ्यो।

आश्रयदाताले परिवारमा कम्युनिस्ट नेताहरूलाई 'कमरेड' भन्दैन थिए। सेल्टर बसेको छिमेकीले थाहा नपाउन् भनेर नाता सम्बन्ध लगाएर बोल्ने गरिन्थ्यो। सेल्टरमा बस्ने कार्यकर्तामा त्यस परिवारभित्रका सबैभन्दा प्यारा र परिवारको विश्वास तथा ममतामा रहन सक्ने गुण हुनैपर्थ्यो। घरका नानीहरूले बारीमा काँक्रोका चिचिला लाग्दै गर्दा विभिन्न उपनाम गरेका कमरेडका नाममा भाग लगाउँथे। पार्टी कामको सिलसिलामा विभिन्न ठाउँमा पुगेर फर्किएपछि मात्रै कसका नाममा राखिएको काँक्रो हो, त्यसलाई टिपेर खुवाउँथे। कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरू यसरी स–साना बालबालिकादेखि पाका उमेरका व्यक्तिहरूसँग पनि घुलमिल भएर बस्ने गरेका थिए। कतिपयले पूजाको प्रसाद, सेलरोटी समेत 'फलानो कमरेड आएपछि मात्रै खाने' भनेर जोगाएर राख्ने गरेका हुन्थे।

कार्यकर्ताप्रति सेल्टरदाताले यति धेरै प्रेम गर्दथे कि आफ्नो गाँस काटेर, भोकै बसेर पनि खुवाउँथे। उनीहरू भन्दथे– 'कमरेडहरूलाई मिठो खुवाउनुपर्छ, भरपेट खुवाउनुपर्छ। पूरा पेट खाए मात्रै पुग्नुपर्ने ठाउँमा पुग्न सक्नुहुन्छ, पार्टी काम गर्न सक्नुहुन्छ।' बिरामी हुँदा औषधोपचार पनि जनताले नै गर्दथे। तत्कालीन अवस्थामा कम्युनिस्ट आन्दोलनकारीले कहिल्यै आश्रयदातालाई दबाब, प्रभाव र धम्की दिएनन्।

सेल्टर निर्माण गर्दा हामीले धेरै कुरामा ध्यान दिने गर्थ्यौं। कमिटीका बैठक, अधिवेशन, भेला, सम्मेलन गर्न उपयुक्त हुने ठूला घरहरू खोज्दथ्यौं। पार्टी सम्पर्कमा नरहेका व्यक्तिहरूलाई विभिन्न प्रयत्न गरेर सचेत गर्ने र पार्टीप्रति समर्पित बनाउने प्रयास रहन्थ्यो। पार्टी सम्पर्क नभएका व्यक्ति रहेछन् भने पनि आफन्तमार्फत परिवारजनलाई सम्पर्कमा ल्याएर, सचेत भएपछि मात्रै आश्रय लिन्थ्यौँ। प्रहरी–प्रशासनको निगरानी गर्ने, सुराकीबारे चनाखो रहने, बलियो सुरक्षा सावधानी अपनाउने जस्ता काम सेल्टरदाताले नै गर्नुहुन्थ्यो।

वर्गीय आन्दोलन भएकाले माथिल्लो वर्गकाहरू राजनीतिमा आउन तयार थिएनन्। आइहाले पनि भरोसा गर्न सकिँदैनथ्यो। स्वार्थमा जान सक्ने भएकाले श्रीमजीवी, गरिब, सर्वहारा, भूमिहीनको घरलाई केन्द्रित गरेर सेल्टरनिर्माण गर्थ्यौं। उहाँहरू नै हाम्रो फलामे किल्लाका रूपमा हुनुहुन्थ्यो। पार्टी र आन्दोलनप्रति समर्पित हुनुहुन्थ्यो। तर, उहाँहरू आफैं बनिबुतो गरी कमाएर खाने परिवार भएकाले हामीले सामूहिक रूपमा खाद्यान्न र तरकारीहरू जम्मा गर्दथ्यौँ। सेल्टरमा ओढ्ने–ओछयाउने कपडाहरू पनि सङ्कलन गरेर प्रयोग गरिन्थ्यो। सेल्टरदातालाई भार नपरोस् भन्नेमा सजग हुन्थ्यौँ।

जसरी एउटा समाजमा सामाजिक र पारिवारिक जीवन चलेको हुन्छ, भूमिगत भएर पनि काम गर्ने नेता तथा कार्यहरूको जीवन पनि तदनुरूप नै जान सक्ने वातावरण र व्यवहार नभएमा त्यो टिक्न नसक्ने हुन्छ भन्ने विगतको शिक्षालाई ध्यानमा राखेर सेल्टरमार्फत जीवनलाई व्यावहारिक बनाउने कुरा महत्त्वका साथ लिएका हुन्थ्यौँ। सेल्टरहरूमा कतिपय नेता तथा कार्यकर्ताहरूको जनवादी वा परम्परागत विवाह गराइन्थ्यो। कतिपयका छोराछोरी त्यहीँ जन्मन्थे, हुर्कन्थे। छिमेकीले थाहा नपाउन् भनेर आफन्तको नाता मिलाएर हुर्काउने प्रबन्ध गरिन्थ्यो। शङ्का गर्ने अवस्था भयो भने रातारात सेल्टर परिवर्तन गरिन्थ्यो। कतिपय सेल्टरदाताहरूले छोराछोरी हुर्काउने जिम्मा आफूले लिएर पनि नेता–कार्यकर्ताहरूलाई पार्टी काममा पठाउनुहुन्थ्यो।

### १२ वर्षका विनोद : एउटा दृष्टान्त

चिठी–पत्र आदान–प्रदान गर्न कसैले थाहै नपाउने गरी प्रबन्ध गरिन्थ्यो। विद्यार्थीमार्फत पनि चिठी ल्याउने–पठाउने काम गर्दथ्यौँ। ताप्लेजुङको सिकैंचाका १२ वर्षका विनोद दाहाल भाइ ओदिले गाउँको विद्यालयमा छ कक्षामा पढ्न जान्थे। उनले पार्टीका चिठी ओसारपसार गर्न सघाउँथे। प्रहरीले चिठी बोकेको आशङ्कामा उनको झोला खानतलासी गऱ्यो। चिठी फेला पाऱ्यो। कम्युनिस्ट आन्दोलनकारीले लेखेको पुष्टि भइहाल्यो। प्रहरीले धेरै यातना दिए पनि उनले कुरा खोलेनन्। उनलाई के सिकाइएको थियो भने– 'एक जना अञ्जान व्यक्तिले चिठी दिए, तिम्रो स्कुल नजिकै यस्तो यस्तो हुलिया भएका व्यक्ति आउँछन्, उनैलाई दिनू।' उनले त्यही कुरा भने। बालक नै भएकाले उनलाई कारागार पठाइएन। तर, महिनौँ प्रहरी हिरासतमा दुःख दिइयो। उनबाट कुनै गोपनीयता खुलेन। तर, कमरेड सिंहबहादुर इवारमले चिठी लेखेको खुलेपछि उहाँ भने भूमिगत हुनुपऱ्यो। र, वर्षौं उहाँ भूमिगत काममा लाग्नुभयो। गोपनीयता राख्ने सवालमा 'विनोद जस्तो हुनुपर्छ' भनेर हामीले सेल्टर–घरका नानीहरूलाई उदाहरण दिन्थ्यौँ। हामीले सेल्टरदातालाई बोल्ने शैली सिकाएका हुन्थ्यौँ। चिनाउँदा खेरी के नामले, के साइनोले चिनाउने, कुनै कारणले पक्राउ परिहाले के गर्ने जस्ता ससाना व्यावहारिक कुराहरू पनि सिकाउँथ्यौँ।

ताप्लेजुङको आम्बेगुदिनका लक्ष्मी कुँवरजीको घरलाई हामीले पटक–पटक सेल्टरका रूपमा प्रयोग गर्थ्यौं। जिल्ला कमिटीको बैठक गर्दथ्यौँ। लक्ष्मीजीको घरलाई हरि नेपाल लगायत धेरैले उपयोग गर्नुभएको थियो। एक पटक जिल्ला कमिटीको बैठक त्यही घरमा आयोजना गरेका थियौँ। धान झाँटेर घरमा भित्र्याउने समय परेछ। धान भित्र्याउने बेलामा बाहिरका काम गर्नेहरू पनि हुने भएकाले गोपनीयताबारे भय हुने नै भयो। घरमा धेरैको आवतजावत हुने भएकाले सँगै रहेको मतान (पालीघर) मा बैठक राख्यौँ। हरि नेपाल, खड्ग प्रसाईं, कुलप्रसाद उप्रेती, देउमान कुँवर लगायत हामी थियौँ। खेतालाहरू भकारीमा धान खन्याउन आउँदा चुप लाग्ने, उनीहरू फर्किएपछि छलफल गर्नु पर्थ्यो। एक जना साथी भित्र पस्नासाथ भऱ्याङमा मान्छे चढेको चुइँ–चुइँ आवाज आइहाल्यो। हामी सतर्क भएर बस्यौँ। उनी सिधै हामी बसे नजिकै आएपछि एकैपटक ५–७ जना मान्छे देखेपछि आत्तिँदै भने– 'ए ! म त खोस्टा लिन पो आ'को !' त्यस समयमा सुर्तीलाई मकैको खोस्टामा बेरेर खाने चलन थियो। उनी सुर्ती बेर्ने खोस्टा खोज्दै आएका रहेछन्। उनी हतार–हतार फर्किए। यति डराएछन् कि खाना पनि नखाईकन घर फर्किएछन्।

मिटिङ देखेपछि ती साथीले बाहिर कुरा लैजान्छन् भनेर शङ्का लाग्यो। मन्त्री विजयप्रकाश थेवे त्यसै ठाउँका थिए। पञ्चायतको बिगबिगी थियो। तिनले गाउँमा हल्ला गर्छन् कि भनेर लक्ष्मी कुँवरजीको श्रीमती उनको मनस्थिति बुझ्न ती खेतालाको घरमा जानुभयो। तर, उनले कुनै कुरा निकालेनन्। स्थितिलाई सामान्यीकरण गर्न उहाँले घरमा लुकेर बसेका मान्छेहरू केटी चोर्न आएका र त्यहाँ लुकेको भनी बताउनुभएछ। ती साथीले यस विषयलाई अरूतिर सुनाएनन्।

**पाँचथरमा सेल्टरका सकस**

तत्कालीन मेची अञ्चलका चार जिल्लामध्ये पाँचथर कम्युनिस्टहरूको कमजोर क्षेत्र मानिन्थ्यो। २०३८ सालमा सीएन सापकोटा लगायत साथीहरूसहित पाँचथरको एक्चेपा गाउँका एक जना शिक्षकको घरमा हामीले सेल्टर निर्माण गर्‍यौँ। उहाँले आफ्नो परिवारमा कम्युनिस्ट विचार सही विचार हो भनेर सचेत गराउनुभएको थियो। सेल्टर बसेको नजिकै निलगिरि माध्यमिक विद्यालयमा तत्कालीन गृहमन्त्री पद्मसुन्दर लावतीको भाषण सुन्न उहाँका बुवा जानुभएको रहेछ। पद्मसुन्दरले कम्युनिस्ट भनेका अराष्ट्रिय तत्त्व हुन्, तपाईंहरूको घरमा पनि आउन सक्छन् भनेर भाषण गरेछन्। बुवाले तुरुन्तै फर्केर घरमा रहेका नेता–कार्यकर्तालाई राख्नु हुँदैन भनेर दबाब दिएपछि साथीले बुवाको दबाब थेग्न सक्नुभएन। परिवारमै असन्तुष्टि र आशङ्का हुँदा सेल्टरमा बसिरहन उचित हुँदैन थियो। हामीले बुझाउन प्रयास गरे पनि बुवाले सुन्ने प्रयास गर्नुभएन। म वारेन्टेड भएकाले जुनसुकै बेला पक्राउ पर्न सक्ने भयले हामीले सेल्टर छाड्यौँ।

पिस्कर हत्याकाण्डको विरोधमा २०४० फागुन २७ गते अखिल नेपाल किसान सङ्घका नाममा पर्चा, वाल पेन्टिङ लगायत विरोध प्रदर्शन गर्ने निर्णय भयो। पाँचथर जिल्लामा जिल्लाव्यापी पोस्टरिङ र वाल पेन्टिङ गर्‍यौँ। वीरबहादुर श्रेष्ठ, यसनाथ शर्मा, राजकुमार भण्डारी लगायत धेरै कार्यकर्ता र सहयोगी साथीहरूलाई पक्राउ गरियो, अनेक यातना दिइयो। राजकुमारजीलाई विभिन्न समयमा पक्राउ गरिएका दीपक कार्की, लीला कट्टेल, सीता उप्रेती, पवित्रा निरौला, रेख ब्लोन, रामचन्द्र पराजुली, राजेश्वर निरौला, राम राना, गोपाल नेपाल, वीरेन्द्र पराजुली, छवि खनालहरूसँगै झण्डै एक वर्ष जेलमा राखियो।

त्यसताका सेल्टर नभएमा काम गर्ने आधारै हुँदैनथ्यो। पाँचथर सदरमुकाम केन्द्रित भएर पनि हामीले पार्टी काम अगाडि बढायौँ। फिदिममा प्रेम भट्टराईले सदरमुकामको मुख्य बजारमा नै सेल्टर दिनुभएको थियो। पाँचथरमा पार्टी कामलाई प्रभावकारी रूपमा अगाडि बढाउन प्रेमजी र उहाँको श्रीमतीको भूमिकालाई आज पनि

उच्च सम्मान गर्दछु । उहाँको दाइ हेम भट्टराई भारतीय सेनामा हुनुहुन्थ्यो । उहाँको घरमा कम्युनिस्टहरू बस्लान् भनेर कसैले अनुमान गर्दैनथे । उहाँकोमा सुरक्षित हुन सकिन्थ्यो । दाइ हेम पनि भारतीय सेनाबाट फर्किएर कम्युनिस्ट पार्टीमा आबद्ध हुनुभयो । पाँचथरमै गोपी अधिकारीजीले वृद्ध बाबुआमालाई सचेत गराएर सुरक्षित सेल्टर दिलाउनु भयो । नागीको उपेन्द्र दङ्गालजी र उहाँको परिवार, त्यसैगरी, गणेश काङ्बाङजी र उहाँको परिवारले पनि कम्युनिस्ट आन्दोलनको जग बसाउन नेता–कार्यकर्तालाई सेल्टर दिएर उल्लेख्य योगदान गर्नुभएको छ ।

सेल्टरदाताकै गद्दारीले हरि नेपाल र चन्द्र पुरीको हत्या गरियो । तर, अनेकौँ घटनामा सेल्टरदाता परिवारले आक्रमणको प्रतिरोध गरेर कार्यकर्ता र नेताहरूलाई जोगाएका दृष्टान्तहरू छन् । २०३७–३८ सालताका पाँचथरको दक्षिणतिर कम्युनिस्टहरूको प्रभाव राम्रो थियो। आङसराङमा विद्यार्थी गतिविधिहरू बढ्दै गएको थियो। हामीले पनि जयनारायण माध्यमिक विद्यालयमा अनेरास्ववियुको जिल्ला सम्मेलन गर्ने तयारी गरेका थियौँ। २००६ सालमा नै विद्यालय खुलेकाले शिक्षा र चेतनाले आङसराङ अगाडि थियो।

मन्त्री पद्मसुन्दर लावतीको घर त्यही भेगको यासोक भएकाले उनको दबदबा व्यापक थियो । उनले टेकेको माटोको टिका लगाउँदा शुभ हुन्छ भनेर मान्ने अन्धभक्तहरू पनि थुप्रै थिए। पञ्चायतविरोधी गतिविधि गर्न सकस थियो। नौ कक्षामा पढ्ने पूर्ण कुँवर लगायतका विद्यार्थीहरू अनेरास्ववियुमा निकै सक्रिय थिए। आङसराङका प्रधानपञ्च थिए– रणवीर चेम्जोङ। उनको प्रभाव पनि बलियो थियो। उनले त्यसै समयमा समेत सुन्तला बगान, किबी बगान लगाएका थिए। उनी कृषिका जानकार थिए। तर, राजनीतिक रूपमा साह्रै निरङ्कुश थिए।

आङसराङमा अनेरास्ववियुको जिल्ला सम्मेलन गर्न हामीले इलाम क्याम्पसमा पढिरहनुभएका साथी सन्त आङदेम्बेको सहयोग लिएका थियौँ। उहाँ अनेरास्ववियुको सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो। उहाँले आफ्नो बुवासँग कुरा गरेर सम्मेलन गर्ने स्थानको व्यवस्था मिलाउनुभयो । उहाँहरूको घर पनि ठूलो र सुरक्षित स्थानमा भएकाले हामीलाई सहज हुन्थ्यो। सामान्य खानपिन र बस्ने व्यवस्था मिलाउन पनि उहाँहरूलाई खासै समस्या थिएन । तर, पञ्चायती आतङ्कका बीच बुवालाई सहयोगी बनाउन धेरै प्रयास भने गर्नुपरेको थियो ।

अनेरास्ववियुका नेताहरू ध्यानबहादुर राई, हंशलाल राजवंशी लगायतको उपस्थितिमा हामीले जिल्ला सम्मेलन गर्‍यौँ। अधिवेशनमा कम्युनिस्ट आन्दोलन,

समाजवादी व्यवस्था र प्रजातान्त्रिक प्रणाली लगायतका विषयमा छलफल र बहस भएका थिए। बहस सुनेपछि सन्तजीको बुवा उत्साहित हुनुभयो। भेला सम्पन्न भएपछि उत्साहित भएर उहाँ जुनसुकै हालतमा ‘राँगो काटेर भोज खुवाउने‘ मनस्थितिमा पुग्नुभयो। हामीले राँगो काटेपछि हल्लाखल्ला हुन्छ, त्यसो नगरौँ भन्दा मान्नुभएन। भन्नुभयो– ‘कोही आए लडाइँ लडौँला न !’

बिस्तारैआङसराङ कम्युनिस्टको पकड क्षेत्र बन्दै गयो। किसान, मजदुर, विद्यार्थीका बैठक, सभा र अधिवेशनहरू हुन थाले। आन्दोलनकारीका विचार सुनेर ठुलो सङ्ख्यामा स्थानीयबासी कम्युनिस्ट आन्दोलनमा सहभागी हुन पुगेका थिए। प्रगतिशील चेतना धेरै माथि उठेको थियो।

त्यसरी त्यस क्षेत्रको काममा विकास गर्ने आधार नै सन्तजीको सेल्टर र त्यसपछि विकास भएको हुकाली बुढा (पुष्पलाल रिजाल)का सेल्टर हुन्। पुष्पलालका जेठा छोरा लोकनाथ र उहाँका परिवार, बहिनी, भाइहरू पार्टीका लागि दिलोज्यानले लागेर त्यहाँ राजनीतिक आधार निर्माण गर्नुभयो। त्यो सेल्टरपाँचथर जिल्लाको मुख्यालयको रूपमा थियो। भूमिगत कार्यकर्ता बस्ने बलियो सेल्टर थियो।

आङसराङ गाउँ पञ्चायतको चुनावमा हामीले जनपक्षीय उम्मेदवार उठाएका थियौँ। तर, जनपक्षीय उम्मेद्वारले जित्ने निश्चित भएपछि मतगणना हुँदाहुँदै रोकियो र पुनः अर्को चुनावको नाटक गरेर रणवीरलाई निर्वाचित भएको घोषणा गरियो। यस घटनालेस्थानीयहरू कम्युनिस्टप्रति झन् आकर्षित भए। आज पनि आङसराङ कम्युनिस्टको किल्लाको रूपमा स्थापित छ।

पिस्कर हत्याकाण्डको विरोधमा भएको विरोध कार्यक्रमपछि पाँचथर जिल्लामा श्वेत आतङ्क छायो। भूमिगत कार्यकर्ताहरूलाई सेल्टरमा राख्न नसकिने अवस्था आयो। मिटिङ, भेटघाट, छलफल र सरसल्लाह गर्न नसकिने स्थिति उत्पन्न भयो। यस्तो स्थितिमा पार्टीले पाँचथर जिल्लाको भूगोललाई दुई भागमा बाँडेर काम गर्ने निर्णय गऱ्यो। सदरमुकाम फिदिमबाट उत्तरको खण्ड ताप्लेजुङ जिल्लाले हेर्ने र दक्षिणको खण्ड इलामबाट हेर्ने गरी जिल्लाका भूमिगत कार्यकर्ता, पूर्णकालीन कार्यकर्तालाई पनि दुवैतिर बाँडियो।

यसरी जिल्लाबाहिर मात्र टिकेर काम गर्दा पाँचथर जिल्लाको कामको गतिमा निकै सुस्तता आयो। यस घटनाले सेल्टर को महत्त्व के हो भन्ने कुराको ठूलो शिक्षा प्राप्त भएको थियो। पञ्चायतकालमा बलियो जग बसेका कारण २०४८ सालमा भएको

पहिलो आमनिर्वाचनमा पाँचथरका दुवै निर्वाचन क्षेत्रमा नेकपा (एमाले) विजयी भएको थियो।

## अञ्चलाधीश कार्यालयका कर्मचारीका घरमा सेल्टर

इलामको पीपलबोटेमा नरेन्द्रनाथ भट्टराईको घरलाई भेटघाटको थलो बनाउँदै पार्टी कामहरू भए। नरेन्द्रजीको बुवा अञ्चलाधीश कार्यालयको कर्मचारी हुनुहुन्थ्यो। अञ्चलाधीशको विश्वासिलो कर्मचारीको घर भएपछि प्रहरी प्रशासनले शङ्का गरेनन्। इलाममा पार्टी कामका लागि सेल्टर दिने देवी भट्टराई, रामचन्द्र पराजुली र बरबोटेका मनबहादुर लिम्बू, टङ्क आचार्य, धर्म घिमिरे, सुम्बेकका मेगेन्द्र राई, हस्त राईको परिवारको भूमिका पनि स्मरणीय छ। त्यसैगरी सोयाङका वीरबहादुर लिम्बू, टेकबहादुर राई लगायतको योगदानले पार्टी र नेतालाई मात्र जोगाएन, आन्दोलनलाई उचाइमा पुऱ्यायो।

इलाम मङ्गलबारेका होम खतिवडा, पवित्रा राई एवं कुलप्रसाद, वीरेन्द्र, उपेन्द्र, धनप्रसाद लगायत पराजुली परिवारको सहयोग अतुलनीय छ। दमन तीव्र भएपछि सदरमुकाम जान नसक्दा मङ्गलबारेमा ठूल्दाइ भनेर चिनिने एक कम्युनिस्ट कार्यकर्ताले बलियो सेल्टर दिनुभएको थियो र सबै गतिविधि त्यहींबाट हुने गरेको थियो।

इलाममा पार्टी काममा रहँदा धेरै ठूलठूला घटना भए। रत्नकुमार बान्तवाको हत्या भयो। यही सन्दर्भमा सचेत आश्रयदाताले कमरेड सुशीला श्रेष्ठ (वर्तमान सांसद) को जीवन जोगाएको स्मरण गर्दछु। रत्नकुमार बान्तवासँगै रहनुभएकी सुशीला श्रेष्ठ भने बहाना बनाएर जङ्गलतिर भाग्नुभयो। प्रहरीले जङ्गलमै घेरा हाले। खोज्दा पनि नभेटेपछि जङ्गलमा आगो लगाए। उहाँ देउमाई खोलामा झरेर ढुङ्गाको च्यापमा बसेकाले कसैले देखेनन्, तर एक जना सचेत किसानले सुशीलाजी भागेर लुकेको थाहा पाएका रहेछन्। प्रहरीले देख्यो भने उनलाई मार्छन् भनेर रुखका स्याउलाले थाहा नपाए जसरी छोपिदिनुभयो। राती भएपछि निस्केर पहिला बसेका सेल्टरमा पुगेर पुनः पार्टी सम्पर्कमा पुग्न सक्नुभयो।

रत्नकुमार बान्तवासँगै रहेका साथीहरू इभाङका जयप्रकाश राईको घरमा बस्नुभएको थियो। बाहिर घेरा हालेर प्रहरीले चेतावनी दिए– 'निस्कन्छस् कि आगो लगाउँ?' प्रहरीले चेतावनी दिइरहँदा साथीहरूले एकातिर बन्दुक पड्काउनुभयो र अर्कोतिरबाट भाग्नुभयो।

म इलाममै रहँदा नेकपा (माले)को चौथो राष्ट्रिय महाधिवेशन गर्ने तयारी भइरहेको थियो। मैले तत्कालीन क्षेत्रीय कमिटी बैठकमा भाग लिन दुई दिन इलाम बजारमा एकजना कर्मचारी साथीको डेरामा बसेर रिपोर्ट तयारी गरेँ। म वारेन्टेड रहेकाले पार्टीका दस्तावेज, रिपोर्टहरू प्रहरीले भेट्यो भने अप्ठ्यारो पार्छ भनेर रविन कोइरालाजीको सहयोग लिएँ। उहाँ अखिलमा काम गर्नुहुन्थ्यो। उहाँलाई झोला दिएर धनबहादुर र तारा गुरुङको घरमा पुऱ्याउन लगाएँ।

झिसमिसे बिहान धनबहादुर गुरुङको घर नजिकै पँधेरोमा नुहाई धुवाई गर्दै थिएँ। तुरुन्तै घर घेराउ भयो। पँधेरामा आउनेहरूले पुलिस आएको हल्लाखल्ला गर्न थाले। मलाई शङ्का लागिहाल्यो। मलाई सूचना दिन ताराजी छोरालाई नुहाउने बहानामा पँधेरोमा आउनुभयो। मैले भाग्ने बेलामा झोलामा भएको दस्तावेज खाटमा ओछ्यानमुनि राखेको बताएको थिएँ। तर उहाँहरूले जोगाउन सक्नुभएन। ती दस्तावेज पाएपछि धनबहादुर र ताराजी पक्राउ पर्नुभयो। ताराजीलाई प्रहरीले केही महिनामा छाड्यो। तर, धनबहादुर २०४६ मा बहुदल आएपछि मात्रै छुट्नुभयो।

मैले जीवन जोगाएँ। तर, दस्तावेज जोगाउन सकिनँ। त्यहाँबाट चिसै लुगा बोकेर चियाबारीमा घस्रँदै पुवाखोलामा पुगेर दिन बिताएँ। रात परेपछि राम रानाजीको डेरामा गएँ। तर त्यहाँ बस्न नसकिने अवस्था भएपछि देवीभक्त रायको घरमा रात बिताएँ।

इलामको माबुमा रहेको वर्तमान गुरुङको घरमा धेरै महत्त्वको सेल्टरथियो। गुरुङ परिवार धेरै सचेत थियो। इलामको किसान आन्दोलनमा उहाँ पक्राउ पर्नुभयो। शिक्षकबाट निकालिएपछि उहाँको पुनर्स्थापना हुन सकेन।

बहुदलीय व्यवस्था आएपछि मङ्गोल नेसनल अर्गनाइजेसनको बिगबिगी भयो। उनीहरू र हाम्राबीच कुटाकुट हुन्थ्यो। त्यस सङ्गठनले हामी समर्थित दलित परिवारलाई कुटेको थियो। कुट्ने परिवार हुनेखाने नै थियो। प्रशासनसहितको उपस्थितिमा हामीले मिलापत्र गरायौँ। त्यही मेसोमा दलित परिवारले खसी काटेर भोज गरियो। मैले त्यसै परिवारसँग बसेर खाना खाएँ। यो सबै वर्तमानजीको परिवारले देखेका थिए। मलाई चाहिँ दलितकोमा खाएर कम्युनिस्टले विभेद गर्दैनन् भनेर सन्देश दिँदा राम्रो हुन्छ भन्ने थियो। तर उल्टो भयो। वर्तमानजीलाई उहाँका बुवा, आमा लगायत सबैले चित्त दुखाएछन्। 'देवराजलाई हाम्रो देउता राखेको ठाउँमा राखेका थियौँ, यसले त बर्बाद गऱ्यो' भनेर वर्तमानजीलाई प्रहार गरेछन्। दलितको घरमा खाना खाएको विषयलाई लिएर मैले भूमिगत जीवन बिताएका त्यहाँका अरू जातिका परिवारजति सबै रिसाएछन्।

भूमिगत जीवनमा बाहिरी तत्त्वमात्र होइन, मानवीय हिसाबका आन्तरिक समस्या पनि आउँथे। ताप्लेजुङमा महिला कार्यकर्ता दीपा पाठकलाई स्वास्थ्य समस्या आइपऱ्यो। करिव तीन–चार वर्ष पार्टीमा भूमिगत काम गर्नुभएकी दीपाजी घरीघरी उहाँ काम्ने, बर्बराउने गर्न थाल्नुभयो। बर्बराउँदा पार्टीका गोप्य कुराहरू पनि सार्वजनिक गर्ने अवस्था भएपछि महासचिव मदन भण्डारी पनि चिन्तित हुनुभयो। उहाँले दीपाजीको समस्यालाई 'फापरबारीमा मुढा घिसारेजस्तो भएको' टिप्पणी गर्नुभयो। उहाँले फापरबारीमा मुढा घिसार्दा लतार्ने मात्र होइन, सोत्तर नै पर्ने अवस्थाले सेल्टरहरू खुल्न सक्ने भन्दै चिन्ता व्यक्त गर्नुभयो। सेल्टरमा लुकेर खासखुस बोल्नुपर्ने बेलामा उहाँले चिच्याउँदै जानेजति सबै खोल्न थाल्नुभएको थियो।

अब पार्टीलाई बचाउन पनि दीपाजीलाई उहाँको घर मोरङको रञ्जनी पुऱ्याउने निर्णय भयो। दीपाजीको बुवा नेत्र पाठकजीलाई सबै कुरा भनेरै जिम्मा लगाएका थियौँ। त्यो पार्टी जोगाउने भनेरै गरिएको निर्णय थियो।

**झापामा हरेक गाउँमा सेल्टर**

झापामा त हरेक गाउँमा ८–१० परिवारमा सेल्टर हुन्थ्यो। झापामा प्रेरणाका स्रोतहरू चर्चै गर्न नसक्ने गरी छन्। रुद्रप्रसाद चापागाईंको परिवार सबै अप्ठ्यारामा मार्गदर्शन दिने महत्त्वपूर्ण सेल्टर थियो। दक्षिण क्षेत्रमा हरि अधिकारी, चिरञ्जीवी अधिकारी, लेखनाथ कोइराला, गुरु मैनाली, हरिचरण सिवाकोटी लगायतका अनगिन्ती साथीहरूका घर पार्टीका बलिया सेल्टर थिए। पार्टी काममा मुख्यगरी ताप्लेजुङ, पाँचथर र इलाममै बढी केन्द्रित भए पनि बैठकमा सहभागी हुन झापामा आउने गरिन्थ्यो। यस क्रममा झापाका दर्जनौँ घरमा आश्रय लिएको छु।

पिस्कर हत्याकाण्डपछि अष्टलक्ष्मी शाक्य र अमृतकुमार बोहरा मेचीको कामको जिम्मा लिएर आउनुभयो। छोरा विश्वास र छोरी आस्था सानै थिए। छोरा विश्वासलाई झापाको गौरादहका छविलाल श्रेष्ठको घरमा र छोरी आस्थालाई मेचीनगरमा विष्णु प्रसाईंको घरमा राखियो। उहाँहरूले अनेकौँ अप्ठ्यारा व्यहोरेर नानीहरू हुर्काउने काममा उदाहरण नै बन्नुभयो।

भूमिगत जीवनमा प्रतिकूलताका बीचमा सेल्टरदाताहरूको यस्तो योगदान हुँदैनथ्यो भने पार्टी जोगाउन सकिँदैन थियो। नेपालमा भएको यो राजनीतिक परिवर्तन असम्भव हुन्थ्यो। त्यसताकाको परिवर्तनको कुञ्जी सेल्टर पनि थिए। अब भने समतामूलक आर्थिक समृद्धिको कुञ्जी फेला पारेर अगाडि बढ्नुपरेको छ। ●